

हेडवर्क्स क्षेत्र

# दोर्दी-१ जलविद्युत खबर

आषाढ २०७४, अंक ७

## आयोजनाको हालको निर्माण अवस्था

आयोजना स्थलमा पावरहाउस रहने स्थल समथर पार्ने कार्य सम्पन्न भईसकेको छ । साथै, हेडवर्क्सको डिस्याण्डर बेसिन रहने ठाउँको जग खन्ने कार्य भईसकेको छ । आयोजनाको स्रोत तथा संरचनाहरुको दिर्घकालिन सुरक्षा र दिगोपनलाई ध्यानमा राख्दै ठाउँ ठाउँमा ग्राभलिङ्ग, ग्याबियन पर्खाल, ह्यूम् पाइप, बर्खे पानीको लागि निकास, लगायत निर्माण कार्यहरु जारी रहेको छ ।

यसका साथै रहिआएका सडक तथा पहुँचमार्गको स्तरोन्नती गर्दै अन्य स्थानहरुमा पहुँच बढाउन बाटो बनाउने सिलसिला जारी रहेको छ । यस्तै, जेठ २८, २०७४ मा आयोजनाको हेडवर्क्स र पावरहाउसको सिभिल निर्माणको ठेक्का आवह्रान गरिसकिएको छ । त्यसैगरी, आयोजनाको हाइड्रोमेकानिकलको बोलपत्र आवह्रान यसै श्रावण महिनामा हुने भएकोले त्यसको तयारी अन्तिम चरणमा भएको छ ।



हालै ग्राभलिङ्ग गरिएको सर्ज ट्याङ्कसम्मको पहुँचमार्ग



अन्तरक्रियात्मक कार्यक्रम



निर्माणाधीन पक्की क्याम्प हाउस

सरकारी वन उपभोग अन्तर्गतको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गबाट सिफारिस भइसकेको र हाल वन मन्त्रालयबाट स्वीकृतिको लागि सिफारिस हुने क्रममा रहेको छ । निर्माण अवधिभर आवश्यक पर्ने विद्युतीय उर्जाको प्राप्तिको लागि नेपाल विद्युत प्राधिकरणबाट स्वीकृति लिने प्रक्रिया अन्तिम चरणमा पुगेको । पेनस्टक र सर्जट्याङ्क क्षेत्रको पहुँचमार्गमा बर्खेपानीको लागि निकास बनाउने कार्य भईरहेको छ । दोर्दी गाउँपालिकामा हालै निर्वाचित जनप्रतिनिधि र त्यस क्षेत्र भित्र बनिरहेका आयोजनाहरुका प्रमुखहरु बीच अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । त्यहाँका जनताहरुको गुनासा एवम् सल्लाह सुनि उनिहरुको जिज्ञासाहरु निराकरण गर्ने त्यस कार्यक्रमको लक्ष्य रहेको थियो ।



आयोजना स्थल अवलोकन गर्दै यस कम्पनीका प्रबन्ध सञ्चालक



बर्खेपानीको लागि निकास बनाईदै



निर्माणाधीन क्याम्प हाउस

**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**